हाम्रो चाहना: स्वच्छ, पारदर्शी, जिम्मेवार र भ्रष्टाचारमुक्त राज्य संयन्त्रको स्थापना




# अख्तियार बुलेटिन


द्वैमासिक

वर्ष १२, अङ्क ४, २०७४ फागुन/चैत


## मन्तव्य

संवैधानिक निकायका रूपमा स्थापित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विगत लामो समयदेखि सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेका सम्बन्धमा कानूनबमोजिम अनुसन्धान, तहकिकात र अभियोजन गर्ने कार्य गर्दै आएको छ। आयोगले संविधान र कानूनबमोजिम आयोगको संस्थागत रणनीतिलाई कार्यान्वयन गर्दै भ्रष्टाचारलाई न्यूनीकरण गर्न जोड दिएको छ, यसका लागि आयोग र मातहतका दश (१०) वटा कार्यालयमार्फत नागरिकका उजुरी तथा गुनासा सङ्कलन गर्दै प्रारम्भिक र विस्तृत अनुसन्धान गर्ने कार्य निरन्तररूपमा गरिरहेको छ।अहिले विश्वमा बढिरहेको सूचना सञ्जालीकरण र आधुनिक प्रविधिको विकाससँगै भ्रष्टाचारको स्वरूप, तौरतरिका, प्रवृत्ति र आयाममा परिवर्तन हुँदै आइरहेको छ। सीमाहीन अपराधका रूपमा विस्तार हुँदै गइरहेको भ्रष्टाचार समाज र राष्ट्रको मात्र नभएर अन्तर्राष्ट्रिय चासो र चुनौतीको विषय बन्न पुगेको छ। गरिबी, पछौटेपन, असमानतालगायतका आर्थिक तथा सामाजिक विभेद, विकृति र विसङ्गतिको कारक तत्वका रूपमा रहेको भ्रष्टाचारलाई नियन्त्रण गर्नका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपालको संविधान र विद्यमान कानूनको परिधिभित्र रही प्रवर्द्धनात्मक, निरोधात्मक र दण्डात्मक रणनीतिहरू अपनाई कार्यसम्पादन गरिरहेको छ । यसरी आयोगबाट सम्पादित कार्यहरू, विविध विषयका गतिविधिहरू र सूचनामूलक जानकारीहरू समेटी प्रकाशन हुन लागेको बुलेटिनबाट भ्रष्टाचारविरुद्धको अभियानमा सहकार्य गरिरहनु भएका सामाजिक अभियन्ताहरू, नागरिक वर्ग तथा सम्पूर्ण सरोकार पक्षहरू लाभान्वित हुनुहुनेछ भन्ने विश्वास लिएको छु।

नेपालको हित र राष्ट्रिय सदाचारलाई सर्वोपरी ठान्दै आम नागरिकले सहजै अनुमान गर्न सक्ने गरी भ्रष्टाचार नियन्त्रणका कार्यहरू गरी मुलुकमा कानूनी राज्य स्थापना गर्न योगदान गर्दै सुशासनको अनुभूति गराउने कार्यका लागि आयोग प्रतिबद्ध भई कार्य गरिरहेको छ। कुनै पनि देशको शासकीय प्रभावकारिताका लागि कानूनको शासन, मानव अधिकार, सेवा सुविधामा समान पहुंच, समतामूलक र समावेशी शासन तथा भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता हुनुपर्छ। बहुआयामिक विषयका रूपमा रहेको भ्रष्टाचार संस्थागत रूपमा विस्तार भएको एवम् संगठित अपराधका रूपमा बढिरहेको सन्दर्भमा यसको प्रभावकारी नियन्त्रण गरी शासकीय प्रभावकारिताका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा सहकार्य र सम्बन्धको विकास गर्दै नागरिक समाज, अधिकारकर्मीहरू, निजी क्षेत्र, गैरसरकारी क्षेत्र, संचार क्षेत्र तथा नागरिक वर्गसँग सहकार्य र हातेमालो गर्नु अपरिहार्य रहन्छ। त्यस्तै भ्रष्टाचारजन्य क्रियाकलापका आयाम, प्रवृत्ति र तौरतरिकामा आएको परिवर्तनले ल्याएका चुनौतीहरूलाई सामना गर्दै अनुसन्धान कार्यलाई थप मजबुत र प्रमाणमा आधारित बनाउन सूचना प्रविधिको प्रयोगमा जोड दिनुका साथै प्रवर्द्धनात्मक तथा निरोधात्मक गतिविधिहरूलाई राष्ट्रिय अभियानकै रूपमा सञ्चालन गर्ने, समस्त नागरिकलाई भ्रष्टाचार विरोधी अभियन्ताका रूपमा प्रशिक्षित गर्दै जाने तथा शैक्षिक र चेतनामूलक कार्यक्रमलाई विद्यालय तहमा सञ्चालन गर्ने कार्य आयोगको आगामी रणनीति रहेको छ।

अन्त्यमा, आयोगबाट सूचना र सञ्चार सम्बन्धको प्रवर्द्धन गर्दै सरोकारवालाहरूबीच नियमित रूपमा अन्तरसम्बन्धको विकास गराउने उद्देश्यले प्रकाशित भइरहेको बुलेटिनले सूचना प्रवाहमा सशक्त भूमिका निर्वाह गर्ने कुरामा विश्वस्त छु। आयोगले भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको रणनीति लिई सञ्चालन गरिरहेका क्रियाकलापहरूमा समाजका सम्पूर्ण क्षेत्रको सक्रिय सहभागिता र सहकार्यको अपेक्षा गर्दछु।

**नवीनकुमार घिमिरे**
**कार्यवाहक प्रमुख आयुक्त**

# यस अंकमा


## आयोगको २७ औं वार्षिकोत्सव

- मूल समारोह तथा सांस्कृतिक कार्यक्रम
- स्मारिका विमोचन
- कविता प्रतियोगिता र वक्तृत्वकला प्रतियोगिता
- अख्तियार सेवा पुरस्कार तथा प्रशंसापत्र वितरण

## कार्यवाहक प्रमुख आयुक्तद्वारा कार्य जिम्मेवारी बहन

- कर्मचारीहरूलाई निर्देशन
- प्रमुख आयुक्तको बिदाइ

## संस्थागत सुदृढीकरण

- बुटवल र हेटौंडामा आयोगको नवनिर्मित भवन उद्घाटन
- बर्दिबासमा आयोगको भवन शिलान्यास

## समन्वय बैठक/छलफल

- मन्त्रालय तथा विभागका सम्पर्क व्यक्तिसँग छलफल
- सञ्चारसम्बद्ध निकायका पदाधिकारीसँग छलफल

## क्षमता अभिवृद्धि

- भूमि प्रशासनसम्बन्धी प्रशिक्षण
- वैदेशिक तालिम


# सम्पादकीय

अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनका क्षेत्रमा सम्पादित कार्यहरूलाई समेटी प्रकाशन भइरहेको "अख्तियार बुलेटिन" को यस वर्षको चौथो अङ्क यहाँहरू समक्ष प्रस्तुत गरेका छौं । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले स्थापना कालदेखि नै सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणका लागि दण्डात्मक, निरोधात्मक तथा प्रवर्द्धनात्मक कार्यहरूलाई निरन्तरता दिँदै सार्वजनिक सरोकारका अन्य बेथिति उपर छानबिन गरी अनुसन्धानको दायरामा ल्याएको र स्वेच्छाचारी ढंगले अधिकारको दुरुपयोग गरी आफ्नो स्वार्थसिद्ध गर्न खोज्ने उपरको निगरानी, खबरदारी र कारबाहीलाई अझ सशक्त बनाउने कार्यमा सक्रिय रहँदै आएको छ।

विश्वमा नै भ्रष्टाचारजन्य कार्यहरूको दायरा, तौरतरिका, प्रकृति र प्रविधिमा आएको विविधता र परिवर्तनले भ्रष्टाचार नियन्त्रणको कार्य चुनौतीपूर्ण बन्न पुगेको छ । भ्रष्टाचारले नेपालको समग्र शासकीय शक्ति र स्वरूपमा असर पारिरहेको भए तापनि यसलाई बुझ्ने र व्याख्या गर्ने सामाजिक संस्कारमा एकरूपता कायम हुन नसक्दा सरकारले लिएको भ्रष्टाचारविरुद्धको शून्य सहनशीलताको नीति प्रभावकारीरूपमा कार्यान्वयन हुन सकिरहेको छैन। सामाजिक अपराधका रूपमा मौलाउँदै गएको भ्रष्टाचारजन्य कार्यले समाजमा गरिबी, बेरोजगारी, पछौटेपनलगायतका विकृति र विसङ्गतिहरूलाई आमन्त्रण गर्ने हुंदा यो आम सरोकार र चासोको विषय बन्न पुगेको छ। त्यसैले मुलुकको समृद्धि र सुशासन प्रवर्द्धनका लागि यस्ता भ्रष्टाचारजन्य र अनियमित कार्यहरूको नियन्त्रण जरैबाट गर्नुपर्ने हुन्छ ।

भ्रष्टाचार नियन्त्रणका लागि अबका दिनमा हाम्रो अनुसन्धान पद्धति अझ वैज्ञानिक, वस्तुपरक र तथ्यपरक हुनु अपरिहार्य छ । प्रमाणमा आधारित अनुसन्धान कार्यको प्रभावकारी प्रयोगले नै भ्रष्टाचारजन्य क्रियाकलापहरूलाई निरुत्साहित तुल्याउँछ। तर, भ्रष्टाचारजन्य क्रियाकलापहरूमा भइरहेको बढोत्तरी र भ्रष्ट पात्रहरूको विस्तारित सञ्जालका कारण अख्तियार दुरुपयोग अनुसन्धान आयोगको एकल प्रयास मात्र "भ्रष्टाचारको नियन्त्रण र भ्रष्टाचारीहरूको सञ्जाल तोड्नका लागि" पर्याप्त छैन, यसका लागि राजनीतिक नेतृत्वको दृढ इच्छाशक्ति, स्पष्ट मार्गदर्शन, असल राजनीतिक संस्कारको विकास र सबल कर्मचारीतन्त्र अपरिहार्य तत्वका रूपमा रहेका छन्। नागरिक समाज, सामाजिक अभियन्ता, अधिकारकर्मी, सामाजिक संघसंस्था, दबाब समूह, हित समूह, सञ्चार जगत र आम नागरिकहरूसँगको सहकार्य, समन्वय र हातेमालो पनि आवश्यक हुन्छ । प्रस्तुत बुलेटिन आयोग र भ्रष्टाचारविरुद्धको अभियानमा आबद्ध पक्ष र संलग्न हुन चाहने सम्पूर्ण सरोकारवालाहरूबीच अन्तरसम्बन्ध विस्तार गर्ने "सेतु" का रूपमा विकास गर्दै यथाशक्य सूचनामूलक र पठनीय बनाउने प्रयासमा छौं।

अन्त्यमा, अख्तियार बुलेटिनलाई अझ स्तरीय, सूचनामूलक र पठनीय बनाउनका लागि समस्त पाठकवर्ग र सरोकारवाला महानुभावहरू समक्ष आवश्यक सूचना, सल्लाह र सुझावको अपेक्षा गर्दछौं । ❖



# आयोगको २७ औं वार्षिकोत्सव सम्पन्न

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको २७ औं स्थापना दिवसको अवसरमा सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीको प्रमुख आतिथ्यतामा २०७४ माघ २८ गते सशस्त्र प्रहरी बल मुख्यालय हल्चोकमा मूल समारोह आयोजना गरियो । कार्यक्रमका प्रमुख अतिथि सम्माननीय राष्ट्रपतिले भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याउने उद्देश्यले स्वतन्त्र संवैधानिक निकायको रूपमा स्थापित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुलुक संघीय प्रणालीमा प्रवेश गरेको सन्दर्भमा संघ, प्रदेश र स्थानीय तहमा असल अभ्यासको सुदृढीकरण गरी लोकतन्त्रको प्रतिफल जनसमक्ष पुऱ्याउन र प्रभावकारी रूपमा भ्रष्टाचारको नियन्त्रण गर्न, देशले अंगीकार गरेको नयाँ राजनीतिक पद्धति र संरचनामा सदाचार, सुशासन र सार्वजनिक उत्तरदायित्वको भावनालाई अझ बढी सुदृढ र प्रभावकारी बनाउन सशक्त भै कार्य गर्ने विश्वास व्यक्त गर्नुभयो ।

आम जनतामा आयोगको सक्षमता, प्रभावकारिता, पारदर्शिता तथा तटस्थताको सार्वजनिक छवि कायम गरी यसको जगेर्ना गर्न उत्तिकै आवश्यक रहेको उल्लेख गर्दै नेपालको संविधानबमोजिम हालै सम्पन्न स्थानीय निकाय, प्रदेश र संघको निर्वाचनबाट मुलुक राजनीतिक स्थायित्व, सुशासन र आर्थिक समृद्धिको चरणमा प्रवेश गर्ने आशा आम नागरिकमा रहेकोले मुलुकमा दिगो विकास र स्थायी शान्तिप्रतिको जनचाहनालाई उचित रूपमा सम्बोधन गर्न सम्बद्ध सबै पक्षले जिम्मेवारी र सेवाभावका साथ कार्य गर्ने विश्वास व्यक्त गर्नुभयो। राष्ट्रपति भण्डारीले राष्ट्र र जनताको सेवा गर्ने सपथ लिएका राष्ट्रसेवक कर्मचारीले देशलाई हानि नोक्सानी पुऱ्याउने अनुचित कार्य हुन नदिई जनता र समाजको हितलाई केन्द्रविन्दुमा राखेर सुम्पिएको जिम्मेवारी पूरा गर्न सदा दत्तचित्त हुनुपर्ने बताउँदै आयोगको आ.व. २०७३/०७४ को वार्षिक प्रतिवेदनमा सार्वजनिक सरोकारका विषयमा उल्लेख गरेका सुझावहरूको



यथोचित मूल्याङ्कन गरी कार्यान्वियन भएमा मुलुकमा भ्रष्टाचार नियन्त्रण र सुशासन कायम हुनेछ भन्ने विश्वास व्यक्त गर्नुभयो। जनअपेक्षालाई गम्भीरताका साथ मनन गरी कर्तव्यपथमा सधैं समर्पित हुन आयोगलाई आग्रह गर्दै संवैधानिक रूपमा भ्रष्टाचार नियन्त्रणको दायित्व आयोगलाई सुम्पिएको भए पनि यस कार्यमा सबै सरोकारवाला पक्षको सक्रिय सहयोग र सहकार्यले देशमा आर्थिक अनुशासन कायम हुने र सबैको साझा अठोट र प्रतिबद्धताबाट मुलुकमा भ्रष्टाचार निर्मूल गरी सुशासन र विधिको शासन कायम गर्न सकिन्छ भन्ने दृढ विश्वाससमेत उहाँले व्यक्त गर्नुभयो।

उक्त वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै माननीय प्रमुख आयुक्त दीप बस्न्यातले आयोगले संविधान तथा कानून प्रदत्त कार्याधिकारको दायरामा रही सार्वजनिक क्षेत्रमा हुने भ्रष्टाचारजन्य कार्यउपर छानविन, अनुसन्धान तथा अभियोजनसम्बन्धी कार्य गर्नुका साथै निरोधात्मक तथा प्रवर्द्धनात्मक कार्यहरूसमेत सम्पादन गर्दै आएको तथ्य केलाउँदै विभिन्न समस्या र चुनौतीका कारण आयोगका यी कामकारबाहीहरूबाट पूर्णरूपमा अपेक्षानुरूप उपलब्धि हासिल हुनमा कठिनाइ भए पनि आयोगको क्रियाशीलताले पारदर्शिता, सार्वजनिक जवाफदेहिता, सार्वजनिक सेवाप्रवाह र सार्वजनिक सम्पत्तिको संरक्षणमा महत्वपूर्ण सहयोग पुऱ्याएको विचार व्यक्त गर्नुभयो । अदूरदर्शी सोच र संकीर्ण



स्वार्थबाट टाढा रही वृहत्तर सामाजिक हितलाई केन्द्रमा राख्दै प्रत्येक सार्वजनिक पदाधिकारी र राष्ट्रसेवक कर्मचारीहरूले पनि आ-आफ्नो जिम्मेवारी र कर्तव्य निर्वाह गरेमा भ्रष्टाचार स्वतः न्यूनीकरण भई सुशासन प्रवर्द्धन हुने यथार्थतालाई जोड दिंदै माननीय प्रमुख आयुक्त बस्न्यातले भ्रष्टाचार हुनुभन्दा अगावै नियन्त्रण गर्नु सबैभन्दा राम्रो रणनीति भएको हुँदा आयोगले सरोकारवालाको सहयोग र सहकार्यमा प्रवर्द्धनात्मक र निरोधात्मक कार्यलाई अभियानकै रूपमा सञ्चालन गर्ने कुरामा जोड दिई यससम्बन्धी अवधारणापत्र समेत कार्यान्वयनमा ल्याएको जानकारी गराउनुभयो।

त्यसैगरी प्रमुख आयुक्त बस्न्यातले भ्रष्टाचारजन्य अपराध नियन्त्रणको प्रमुख जिम्मेवारी तोकिएको आयोगलाई अझ सशक्त र अधिकारसम्पन्न निकायको रूपमा विकास गर्ने दिशामा सम्बद्ध सबै पक्षको योगदान रहनेछ भन्ने विश्वास व्यक्त गर्नुभयो। विशेषतः वर्तमान संविधानमा अनुचित कार्यसम्बन्धी व्यवस्था आयोगको क्षेत्राधिकारभित्र नपरेको कारणबाट भ्रष्टाचार नियन्त्रणको दिशामा गम्भीर चुनौती खडा भएको हुँदा यसतर्फ समयमै ध्यान जानु आवश्यक देखिएको यथार्थ समेत उहाँले व्यक्त गर्नुभयो । आयोगको निमन्त्रणा स्वीकार गरी पाल्नुभएका विशिष्ट पाहुनाहरू र सम्पूर्ण अतिथिहरूको गरिमामय उपस्थितिले आयोगलाई थप हौसला प्राप्त हुनका साथै अझ उत्साह र जाँगरका साथ





कार्य गर्ने ऊर्जा प्रदान गरेको बताउँदै उपस्थित सबैप्रति हार्दिक आभार व्यक्त गर्दै सदाचार पद्धतिको विकास र भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीतिलाई मूर्तरूप दिन सबैको सहकार्य, साझेदारी, समन्वय र सक्रियताको अपेक्षासमेत उहाँले गर्नुभयो ।

उक्त वार्षिकोत्सव मूल समारोहका प्रमुख अतिथि सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा कार्यरत रही उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीहरूलाई उत्कृष्ट अख्तियार सेवा पुरस्कार प्रदान गर्नुका साथै आयोगबाट प्रकाशित स्मारिकाको विमोचन समेत गर्नुभयो । वक्तृत्वकला प्रतियोगिता र कविता प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गरेका विद्यार्थीहरूलाई पनि सोही समारोहमा पुरस्कृत गरिएको थियो। साथै कार्यक्रमको दोस्रो चरणमा कलाकारहरूद्वारा भ्रष्टाचारविरुद्ध सन्देश/जनचेतनामूलक सांस्कृतिक कार्यक्रमको आयोजनासमेत गरिएको थियो ।

### आयोगको स्थापना दिवसको उपलक्ष्यमा उत्कृष्ट अख्तियार सेवा पुरस्कारबाट पुरस्कृत कर्मचारीहरू

| सि.नं. | नामथर | पद | कार्यरत कार्यालय/ महाशाखा |
|---|---|---|---|
| १ | श्री बालकृष्ण घिमिरे | सहसचिव | अनुसन्धान महाशाखा नं. ५ |
| २ | श्री शंकर खत्री | सहन्यायाधिवक्ता | अनुसन्धान महाशाखा नं.१ |
| ३ | श्री उत्तमकुमार कार्की | प्रहरी नायव महानिरीक्षक | प्रहरी महाशाखा |
| ४ | श्री ज्ञानेन्द्रप्रसाद ढकाल | उपसचिव | प्रशासन महाशाखा |
| ५ | श्री हुमकला पाण्डे | उपसचिव | नीति, योजना तथा अन्तर्राष्ट्रिय सम्बन्ध महाशाखा |
| ६ | श्री हृदय थापा | प्रहरी उपरीक्षक | प्रहरी महाशाखा |
| ७ | श्री विमल बस्नेत | प्रहरी उपरीक्षक | आयोगको कार्यालय, बुटवल |
| ८ | श्री बालकृष्ण कोइराला | शाखा अधिकृत | प्रशासन महाशाखा |
| ९ | श्री लक्ष्मण बास्तोला | शाखा अधिकृत | प्रशासन महाशाखा |

# सत्ताइसौं वार्षिकोत्सवको उपलक्ष्यमा स्मारिका प्रकाशन




भ्रष्टाचार न्यूनीकरणका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अवलम्बन गर्दै आएको प्रवर्द्धनात्मक रणनीति अन्तर्गत भ्रष्टाचारविरुद्ध जनचेतनामूलक अभियानमा टेवा पुऱ्याउने हेतुका साथ अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सत्ताइसौं वार्षिकोत्सवको अवसरमा विभिन्न क्षेत्रका विज्ञ तथा सर्जकहरूका भ्रष्टाचार नियन्त्रण, सुशासन र सदाचारसँग सम्बन्धित लेख रचनाहरू समेटेर स्मारिका, २०७४ प्रकाशन गरेको छ।

सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीले सत्ताइसौं वार्षिकोत्सवको अवसरमा मिति २०७४ माघ २८ गते आयोजित विशेष समारोहमा आयोगबाट प्रकाशित स्मारिका लोकार्पण गर्नुभएको थियो। स्मारिकामा दिनुभएको शुभकामना सन्देशमा उहाँले स्मारिकामा संग्रहित लेख, रचनाहरू भ्रष्टाचार नियन्त्रणका अभियन्ताहरू, जिम्मेवार निकाय र संघसंस्था, अध्येता लगायत सम्पूर्ण सरोकारवालालाई उपयोगी र मार्गदर्शकका रूपमा रहनुका साथै स्मारिकाले सुशासन र सदाचार प्रवर्द्धनमा सहयोग पुऱ्याउने विश्वास व्यक्त गर्नुभएको छ । उहाँले आयोगबाट प्रकाशित स्मारिकाले भ्रष्टाचार नियन्त्रण तथा सुशासनका विषयमा जानकारी लिन चाहने तथा भ्रष्टाचारमुक्त समाज निर्माणमा क्रियाशील सबैलाई विविध ज्ञान एवम् जानकारी प्राप्त गर्न सहायकसिद्ध हुने विश्वास लिएको धारणा प्रस्तुत गर्नुभएको छ।

त्यसैगरी स्मारिकामा शुभकामना मन्तव्य दिने क्रममा सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाले सुशासन र सदाचार एवं भ्रष्टाचार नियन्त्रणका माध्यमबाट शासकीय प्रभावकारिता आउने र जनताको अपेक्षानुरूप सेवा प्रवाहमा सुधार ल्याउने उद्देश्यले आयोगबाट प्रकाशित स्मारिका सदाचारिता र सुशासन प्रवर्द्धन कार्यमा क्रियाशील समस्त नागरिक वर्ग, संघसंस्था तथा सरोकारवाला निकायहरूलाई उपयोगी हुने विश्वास लिँदै यस किसिमका रचनात्मक कार्यको लागि शुभेच्छा व्यक्त गर्नुभएको छ।

शुभकामना मन्तव्यमा क्रममा माननीय प्रमुख आयुक्त दीप बस्न्यातले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले स्थापनाको सत्ताइसौं वार्षिकोत्सवको अवसरमा सुशासन, सदाचार र समृद्धिलगायतका विविध विषयहरू समेटी प्रकाशित स्मारिका २०७४ ले सम्पूर्ण पाठक वर्ग र सरोकारवालाहरूलाई उपर्युक्त विषयमा सुसूचित गर्दै सुशासन प्रवर्द्धन गर्न, भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको विकास गर्न तथा समाजलाई नैतिकरूपमा रूपान्तरण गर्न सहयोग गर्नुका साथै सार्वजनिक निकाय र पदाधिकारीहरूको काम कारबाहीलाई पारदर्शी, जिम्मेवारी र जवाफदेही बनाउन सहयोग पुऱ्याउने विश्वास लिएको बताउनुभएको छ। स्वेच्छाचारी ढंगले अधिकारको दुरुपयोग गरी आफ्नो स्वार्थसिद्ध गर्न खोज्ने उपरको निगरानी र कारबाही अझ सशक्त बनाउन आयोग दृढ संकल्पित रहेको कुरामा जोड दिनुभएको छ। ❖

# २७ औं स्थापना दिवसको अवसरमा विविध कार्यक्रम



अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २७ औं स्थापना दिवसको उपलक्ष्यमा विविध कार्यक्रमको आयोजना गरेको थियो। उक्त अवसरमा राष्ट्रव्यापी कविता प्रतियोगिता र वक्तृत्वकला प्रतियोगिताको आयोजना गरियो भने रक्तदान कार्यक्रममा १०१ जना कर्मचारीले रक्तदान गरेका थिए। आयोगको सभाहलमा मिति २०७४ माघ २६ गते आयोजित कार्यक्रममा माननीय प्रमुख आयुक्त दीप बस्न्यातले कविता तथा वक्तृत्वकला प्रतियोगितामा सान्त्वना स्थान प्राप्त गर्ने विद्यार्थीलाई पुरस्कार प्रदान गर्नुका साथै १६ जना कर्मचारीहरूलाई अख्तियार सेवा पुरस्कार र २५ जना कर्मचारीहरूलाई प्रशंसा-पत्र समेत प्रदान गर्नुभयो। सम्पूर्ण रक्तदाताहरूका साथै विभिन्न पुरस्कार प्राप्त गर्ने सबै कर्मचारी र विद्यार्थीहरूलाई बधाई दिंदै माननीय प्रमुख आयुक्तले कर्तव्यनिष्ठ भएर काम गर्न निर्देशन समेत दिनुभएको थियो।

आयोगका माननीय आयुक्तहरू नवीनकुमार घिमिरे, डा. गणेशराज जोशी, राजनारायण पाठक र डा. सावित्री थापा गुरुङको उपस्थिति रहेको उक्त कार्यक्रममा आयोगका सचिव डा. राजन खनालले कुनै अपेक्षा नराखी गरिएको कामले सन्तुष्टि मिल्ने बताउँदै पुरस्कारको अपेक्षा राख्ने कर्मचारीहरूले त्यही अनुरूप कार्य गर्नुपर्ने बताउनुभयो। ◆

## आयोगको स्थापना दिवसको उपलक्ष्यमा अख्तियार सेवा पुरस्कारबाट पुरस्कृत कर्मचारीहरू

| सि.नं. | नामथर | पद | कार्यरत कार्यालय/ महाशाखा |
|---|---|---|---|
| १ | श्री गणेश गैरे | उपसचिव | अनुसन्धान महाशाखा नं.१ |
| २ | श्री दीपकप्रसाद खतिवडा | उपसचिव | अनुसन्धान महाशाखा नं.३ |
| ३ | श्री लक्ष्मीप्रसाद तिम्सिना | उपसचिव | अनुसन्धान महाशाखा नं. ५ |
| ४ | श्री गोकुल बाँस्तोला | उपसचिव | विशेष अनुसन्धान महाशाखा |
| ५ | श्री हेमकुमार थापा | प्रहरी नायव उपरीक्षक | प्रहरी महाशाखा |
| ६ | श्री महेन्द्र खड्का | प्रहरी नायव उपरीक्षक | आयोगको कार्यालय, हेटौंडा |
| ७ | श्री मुक्तिप्रसाद ढुंगाना | शाखा अधिकृत | प्रशासन महाशाखा |
| ८ | श्री मन्मथ कुमार उपाध्याय | शाखा अधिकृत | प्रशासन महाशाखा |
| ९ | श्री नारायणदत्त उपाध्याय | शाखा अधिकृत | आयोगको कार्यालय, कोहलपुर |
| १० | श्री खुमराज आचार्य | शाखा अधिकृत | आयोगको कार्यालय, पोखरा |
| ११ | श्री रविन सापकोटा | शाखा अधिकृत | आयोगको कार्यालय, धनकुटा |
| १२ | श्री विश्वमंगल शर्मा | शाखा अधिकृत | आयोगको कार्यालय, सुर्खेत |
| १३ | श्री रमेशप्रसाद ज्ञवाली | लेखा अधिकृत | आयोगको कार्यालय, बुटवल |
| १४ | श्री बद्रीबहादुर बुढाथोकी | इन्जिनियर | अनुसन्धान महाशाखा नं.४ |
| १५ | श्री शिवराज बस्नेत | प्रहरी निरीक्षक | प्रहरी महाशाखा |
| १६ | श्री मनोहरि थापा | समाचार च्यानल प्रमुख (निर्देशक) | नेपाल टेलिभिजन |

## आयोगको स्थापना दिवसको उपलक्ष्यमा प्रशंसापत्र प्राप्त गर्नुहुने कर्मचारीहरू

| सि.नं. | नाम थर | पद | कार्यरत कार्यालय/ महाशाखा |
|---|---|---|---|
| १ | श्री नीमा चापागाईं | नायव सुब्बा | प्रशासन महाशाखा |
| २ | श्री गोविन्दप्रसाद लामिछाने | नायव सुब्बा | अनुसन्धान महाशाखा नं. २ |
| ३ | श्री प्रेम नारायण खनाल | नायव सुब्बा | प्रशासन महाशाखा |
| ४ | श्री राजेन्द्रकुमार घिमिरे | लेखापाल | प्रशासन महाशाखा आ.प्र. |
| ५ | श्री प्रनिल श्रेष्ठ | कम्प्युटर अपरेटर | प्रशासन महाशाखा |
| ६ | श्री तेजेन्द्रप्रसाद ढकाल | नायव सुब्बा | मुद्दा बहस तथा पुनरावेदन महाशाखा |
| ७ | श्री सूर्यप्रसाद रेग्मी | नायव सुब्बा | अनुगमन तथा तामेली महाशाखा |
| ८ | श्री प्रेमबहादुर निदाल | लेखापाल | आयोगको कार्यालय, कंचनपुर |
| ९ | श्री दीपेन्द्रकुमार यादव | नायव सुब्बा | आयोगको कार्यालय, बर्दिवास |
| १० | श्री टीकाराम राई | प्रहरी नायव निरीक्षक | आयोगको कार्यालय, इटहरी |
| ११ | श्री भगवानराज थापा | प्रहरी नायव निरीक्षक | पिएसओ |
| १२ | श्री किशोर आचार्य | प्रहरी नायव निरीक्षक | प्रशासन महाशाखा |
| १३ | श्री उद्धबप्रसाद जमरकटेल | प्रहरी नायव निरीक्षक | पिएसओ |
| १४ | श्री राधाकृष्ण कसजू | प्रहरी नायव निरीक्षक | पिएसओ |
| १५ | श्री विनोद विक्रम सेन | प्रहरी नायव निरीक्षक | पिएसओ |
| १६ | श्री सुजित कुमार देवकोटा | प्रहरी नायव निरीक्षक | पिएसओ |
| १७ | श्री सनम राई | प्रहरी नायव निरीक्षक | X-Ray |
| १८ | श्री सावित्री लम्साल | खरिदार | अनुसन्धान महाशाखा नं.६ |
| १९ | श्री जयराज अवस्थी | प्रहरी हवल्दार | आयोगको कार्यालय, दिपायल |
| २० | श्री रामकृष्ण बस्नेत | प्रहरी हवल्दार | सवारी चालक |
| २१ | श्री सुजन श्रेष्ठ | प्रहरी जवान | पिएसओ |
| २२ | श्री राजन गिरी | हलुका सवारी चालक | पुल |
| २३ | श्री पूर्णबहादुर महर्जन | हलुका सवारी चालक | पुल |
| २४ | श्री केशवबहादुर घिमिरे | कार्यालय सहयोगी | प्रशासन |
| २५ | श्री रवीन्द्र थापा | कार्यालय सहयोगी | प्रशासन |

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना दिवसको अवसरमा कविता प्रतियोगिता र वक्तृत्वकला प्रतियोगिता आयोजना गरिएको थियो । वक्तृत्वकलामा हिमालय ह्वाइट हाउस उ.मा.वि. नयाँबानेश्वरका छात्र आदेश कार्की, महेन्द्र मा.वि. रेसुङ्गा, गुल्मीका छात्रा मनिषा पौडेल र नेशनल ओपन कलेज सानेपा ललितपुरका छात्र राम थापा क्षेत्री क्रमशः प्रथम, द्वितीय र तृतीय भएका छन् । दश जोड दुईदेखि स्नातकोत्तर तहसम्मका विद्यार्थीले भाग लिएको उक्त प्रतियोगितामा वक्तृत्वकलातर्फ सान्त्वना गोल्डेनगेट उ.मा.वि. पुरानो बानेश्वरका छात्र अनिष पाण्डे र हेराल्ड इन्टरनेशनल कलेज महाराजगञ्जका छात्र जीवनलाल भुसालले सान्त्वना पुरस्कार प्राप्त गरेका थिए ।

वक्तृत्वकलामा भाग लिन चाहने र कविता उपलब्ध गराउने विद्यार्थीको पहिलो चरणको छनोटपछि माघ २५ गते प्रस्तुति तथा वाचन गर्न लगाई विज्ञहरूको समूहले छनोट गरेको थियो । दुई सत्रमा सम्पन्न सो प्रतियोगिताको पहिलो सत्रको अध्यक्षता आयोगका माननीय आयुक्त डा. गणेशराज जोशीले गर्नुभएको थियो भने दोस्रो सत्रको अध्यक्षता आयोगका माननीय आयुक्त नवीनकुमार घिमिरेले गर्नुभएको थियो। ❖

## कविता प्रतियोगितामा पुरस्कृत विद्यार्थीहरू

| क्र.सं. | सहभागीको नाम | शिक्षण संस्थाको नाम, ठेगाना | स्थान |
|---|---|---|---|
| १ | निशान थापा मगर | मेगा नेशनल कलेज, कुमारीपाटी, ललितपुर (बी.बी.एस दोस्रो वर्ष) | प्रथम |
| २ | काशिका अर्याल | बानेश्वर क्याम्पस, शान्तिनगर, काठमाडौं (बी.ए. तेस्रो वर्ष) | द्वितीय |
| ३ | भवानी कुमारी खतिवडा | एस.भी. एकेडेमी, नयाँबानेश्वर, काठमाडौं (एम.ए. दोस्रो वर्ष) | तृतीय |
| ४ | निखिल पाण्डे | जेभियर्स कलेज, कालोपुल, काठमाडौं (ए. लेभल) | सान्त्वना |
| ५ | स्वस्तिक घिमिरे | पुल्चोक क्याम्पस, पुल्चोक, ललितपुर (बी.ई.प्रथम वर्ष) | सान्त्वना |

आयोगको सभाहलमा मिति २०७४ माघ २६ गते आयोजित कार्यक्रममा आयोगका माननीय प्रमुख आयुक्त दीप बस्न्यातले राष्ट्रव्यापी कविता तथा वक्तृत्वकला प्रतियोगितामा सान्त्वना स्थान प्राप्त गर्ने विद्यार्थीलाई पुरस्कार प्रदान गर्नुभयो भने दुवै विधामा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई २८ गते आयोजना भएको विशेष समारोहमा पुरस्कृत गरिएको थियो। ❖





# रक्तदान कार्यक्रम

आयोगको सत्ताइसौं वार्षिकोत्सवको उपलक्ष्यमा मिति २०७४ माघ २५ गते आयोगको कार्यालय परिसरमा रक्तदान कार्यक्रम आयोजना गरिएको थियो। उक्त रक्तदान कार्यक्रममा १०१ जना कर्मचारीहरूले रक्तदान गर्नु भएको थियो।

## रक्तदान गर्नुहुने कर्मचारीहरूको नामावली

| सि.नं. | दर्जा | नाम थर |
|---|---|---|
| १ | सह-सचिव | श्री कालीप्रसाद पराजुली |
| २ | सह-सचिव | श्री बालकृष्ण घिमिरे |
| ३ | प्रहरी नायव महानिरीक्षक | श्री उत्तमकुमार कार्की |
| ४ | उप-सचिव | श्री गोकुल बाँस्तोला |
| ५ | उप-सचिव | श्री लोकदर्शन न्यौपाने |
| ६ | प्रहरी उपरीक्षक | श्री केदार ढकाल |
| ७ | सि.डि.ई. | श्री मोहदत्त भट्ट |
| ८ | प्रहरी नायव उपरीक्षक | श्री राजकुमार के.सी. |
| ९ | प्रहरी नायव उपरीक्षक | श्री हेमकुमार थापा |
| १० | प्रहरी नायव उपरीक्षक | श्री सुधिरराज शाही |
| ११ | शाखा अधिकृत | श्री कमलप्रसाद मिश्र |
| १२ | शाखा अधिकृत | श्री कृष्णबहादुर दाहाल |
| १३ | शाखा अधिकृत | श्री चुरामणी पराजुली |
| १४ | शाखा अधिकृत | श्री राजेन्द्र न्यौपाने |
| १५ | शाखा अधिकृत | श्री सन्जीव पोखरेल |
| १६ | इन्जिनियर | श्री सविन कोइराला |
| १७ | कम्प्युटर अधिकृत | श्री मिलन ढकाल |
| १८ | प्रहरी निरीक्षक | श्री विजयकुमार शर्मा |
| १९ | प्रहरी निरीक्षक | श्री विजय शाह |
| २० | प्रहरी निरीक्षक | श्री यामबहादुर के.सी. |
| २१ | महिला विकास निरीक्षक | श्री अम्बिका दाहाल |
| २२ | प्रहरी नायव निरीक्षक | श्री टीकाराम राई |
| २३ | प्रहरी नायव निरीक्षक | श्री यादप बस्नेत |
| २४ | प्रहरी नायव निरीक्षक | श्री विनोद बिक्रम सेन |
| २५ | प्रहरी नायव निरीक्षक | श्री राजनप्रसाद अधिकारी |
| २६ | प्रहरी नायव निरीक्षक | श्री विनोद कार्की |
| २७ | प्रहरी नायव निरीक्षक | श्री भानुभक्त अर्याल |
| २८ | प्रहरी नायव निरीक्षक | श्री सुनिलकुमार थापा |
| २९ | प्रहरी नायव निरीक्षक | श्री प्रेमप्रसाद रेग्मी |
| ३० | प्रहरी नायव निरीक्षक | श्री यादव रेग्मी |
| ३१ | प्रहरी नायव निरीक्षक | श्री राधाकृष्ण कसजू |
| ३२ | प्रहरी नायव निरीक्षक | श्री सत्यनारायण घिमिरे |
| ३३ | प्रहरी नायव निरीक्षक | श्री रवीन्द्र थापा |
| ३४ | प्रहरी नायव निरीक्षक | श्री भगवानराज थापा |
| ३५ | प्रहरी नायव निरीक्षक | श्री मदन श्रेष्ठ |
| ३६ | प्रहरी नायव निरीक्षक | श्री सन्तोष रूपाखेती |
| ३७ | प्रहरी नायव निरीक्षक | श्री नेत्रप्रसाद पौडेल |
| ३८ | कम्प्युटर अपरेटर | श्री रामशंकर साह |
| ३९ | कम्प्युटर अपरेटर | श्री चित्रबहादुर जर्घा मगर |
| ४० | कम्प्युटर अपरेटर | श्री श्याममणि ढकाल |
| ४१ | खरिदार | श्री साबित्री लम्साल |
| ४२ | प्रहरी सहायक निरीक्षक | श्री राजेश बस्नेत |
| ४३ | प्रहरी सहायक निरीक्षक | श्री सन्तोष चन्द |
| ४४ | प्रहरी सहायक निरीक्षक | श्री जनक आचार्य |
| ४५ | प्रहरी सहायक निरीक्षक | श्री राजाराम घिमिरे |
| ४६ | प्रहरी सहायक निरीक्षक | श्री कृष्णबहादुर मगर |
| ४७ | प्रहरी सहायक निरीक्षक | श्री रामकुमार थापा |
| ४८ | प्रहरी सहायक निरीक्षक | श्री वीरबहादुर गुरुङ |
| ४९ | प्रहरी सहायक निरीक्षक | श्री सन्देश अर्याल |
| ५० | प्रहरी सहायक निरीक्षक | श्री रामकृष्ण रायमाझी |
| ५१ | प्रहरी सहायक निरीक्षक | श्री इन्द्रमणि के.सी. |
| ५२ | प्रहरी हवल्दार | श्री हरिप्रसाद आचार्य |

| सि.नं. | दर्जा | नाम थर |
|---|---|---|
| ५३ | प्रहरी हवल्दार | श्री मोहन खत्री क्षेत्री |
| ५४ | प्रहरी हवल्दार | श्री तिलकबहादुर पुन |
| ५५ | प्रहरी हवल्दार | श्री प्रमिला श्रेष्ठ |
| ५६ | प्रहरी हवल्दार | श्री ओमप्रकाश खड्का |
| ५७ | प्रहरी हवल्दार | श्री गणेशकुमार गिरी |
| ५८ | प्रहरी हवल्दार | श्री राजन भण्डारी |
| ५९ | प्रहरी हवल्दार | श्री बद्रीप्रसाद पौडेल |
| ६० | प्रहरी जवान | श्री नारायणप्रसाद देवकोटा |
| ६१ | प्रहरी जवान | श्री भुवनराज जोशी |
| ६२ | प्रहरी जवान | श्री प्रल्हाद तामाङ |
| ६३ | प्रहरी जवान | श्री सञ्जीव चौधरी |
| ६४ | प्रहरी जवान | श्री गोपाल कट्टेल |
| ६५ | प्रहरी जवान | श्री रूपचन्द्र दर्लामी |
| ६६ | प्रहरी जवान | श्री रमेश बि.क. |
| ८५ | प्रहरी जवान | श्री आयुष उदास |
| ८६ | प्रहरी जवान | श्री बिष्णुबहादुर थापा क्षेत्री |

| सि.नं. | दर्जा | नाम थर |
|---|---|---|
| ८७ | प्रहरी जवान | श्री भुवन नाथ |
| ८८ | प्रहरी जवान | श्री सन्तोष भुजेल |
| ८९ | प्रहरी जवान | श्री तपेन्द्रबहादुर खड्का |
| ९० | प्रहरी जवान | श्री रिना गौतम |
| ९१ | प्रहरी जवान | श्री शिवकुमार घिमिरे |
| ९२ | हलुका सवारी चालक | श्री विजय मुनिकार |
| ९३ | हलुका सवारी चालक | श्री हरिभजन खड्गी |
| ९४ | कार्यालय सहयोगी | श्री केशवबहादुर घिमिरे |
| ९५ | कार्यालय सहयोगी | श्री राजेन्द्र सापकोटा |
| ९६ | कार्यालय सहयोगी | श्री भगवान थापा |
| ९७ | कार्यालय सहयोगी | श्री पुजा वाइवा तामाङ |
| ९८ | प्रहरी कार्यालय सहयोगी | श्री दुर्गा गुरुङ |
| ९९ | प्रहरी कार्यालय सहयोगी | श्री भरतबहादुर कार्की |
| १०० | प्रहरी कार्यालय सहयोगी | श्री मोहन कर्ण कार्की |
| १०१ | सरसफाइ | श्री रामबाबु पुजारी |






आयोगद्वारा आयोजित कविता प्रतियोगितामा प्रथम स्थान प्राप्त कविता

# "अहँ म घाँस खान्न"

निशान थापामगर, मेगा नेशनल कलेज
कुमारीपाटी, ललितपुर

म भ्रष्ट....
आज यो अदालतको कठघरामा उभिनु अगावै
मैले चिउँडोमा हात राखेर दश पटक
सोच्नु थियो कि,
उच्च पदको मातले
भोकाहरूको पेटमा लात हानेर
कमाएको कालो धनले मलाई कहिल्यै
पुग्दैन भन्ने कुरा
जस्तो कि रात जत्तिसुकै उज्यालो भए पनि
चन्द्रमाले बिस्कुन सुक्दैन भन्ने कुरा।

आफ्नो सन्तानलाई सुरक्षित भविष्यतिर डोऱ्याउन
पसिनामा गिटी र बालुवा मुछिरहेका
कैयौं हर्कबहादुरहरूको
हिउँदे खेत जस्तै पट्पटी फुटेका हत्केलाहरूबाट
कत्ति नोट लिए होला
ओ हो !
मैले कैयौं नानीहरूको सुनौलो सपना किनेर
कत्ति चोट दिए होला
आज अख्तियारले मेरो घरको ढोका
ढकढकाउनु अगावै
मैले चिउँडोमा हात राखेर दश पटक
सोच्नु थियो कि
हृदयमा लागेको चोट कहिल्यै सुक्दैन भन्ने कुरा
जस्तो कि झुटो टिक्दैन सत्य लुक्दैन भन्ने कुरा।

मैले भोकाहरूको रोटीको गाँस खोसेर
मेरा बच्चाहरूलाई रसबरी खुवाइरहेको पो रै छु,
मैले किसानहरूको पसिना लुटेर
मेरा बच्चाहरूलाई दूध पिलाइरहेको पो रै छु,
मैले गरिबहरूको आँसुलाई
ह्विस्की र बियर बनाएर डान्सबार र रेस्टुराँहरूमा रमाइरहेको
पो रै छु
ओहो!
मैले मेरै नानी जस्तै नानीहरूको निधार खोसेर
भाग्य मेटाइरहेको पो रै छु।

हरे !
आज मेरो मान मर्यादा लिलाम हुनुभन्दा
अगावै चिउँडोमा हात राखेर
मैले किन एक पटक नि सोच्न सकिन छु कि
चिल्ला र महङ्गो गाडी नचढ्दैमा
बुढीले मूल्यवान गरगहना र अग्लो महलमा नबस्दैमा
मेरा बच्चाले महङ्गो स्कुल र युनिभर्सिटी
नपढ्दैमा
मेरो जिन्दगीले अवकाश खाँदैन भन्ने कुरा
जस्तो कि बाघ जत्ति सुकै भोकाए पनि
घाँस खाँदैन भन्ने कुरा।
कहिल्यै बिर्सने छैन
बा ! म झुक्किएर नि घाँस अर्थात घुस खाँदिन भन्ने कुरा।

मलाई मेरै अहङ्कार र आडम्बरले भ्रष्टको चिहानमा सुताइरहेको
पो रै छ
ओ हो !
म त आफ्नै चिहान माथि चुपचाप निदाइरहेको पो रै छु।
सरकार! अब अलिकति पर्दा चिहाएर हेर्नुस् त
त्यो चिहानबाट म बिउँझिसकेको छु
बा! अब अलिकति स्वर्गको ढोका उघारेर हेर्नुस् त
म सुध्रिसकेको छु।
अब
मेरो सिर र नाकमा लागेको दाग पखाल्नु छ
खाडीको बालुवामा गाडिएको सगरमाथाको उचाइ निकाल्नु छ ।
फर्किनेछन् हिरा छोडी ढुङ्गा खोज्न बाध्य बनाएर
झोलाको राहदानी र नागरिकतासँगै बेचिएका निधारहरू
स्वतन्त्र हुनेछन् कोठामा मार्कसिट सँगै थन्किएका
विचारहरू
अब
फेरि जन्मिने छन् यहाँ बुद्धका आँखाहरू, भृकुटीका कलात्मक
हातहरू
फेरि जन्मिने छन् यहाँ  मदन र बी.पी. हरू
साँच्चै अब पो बन्ने छन यहाँ
भ्रष्टरहित म..
भ्रष्टरहित हामी..
भ्रष्टरहित प्रशासन..
अनि भ्रष्टरहित मेरो देश। ❖

# कार्यवाहक प्रमुख आयुक्तद्वारा कार्य जिम्मेवारी बहन, प्रमुख आयुक्तको बिदाइ





माननीय आयुक्त नवीनकुमार घिमिरेले मिति २०७४ फागुन २ गतेदेखि आयोगको कार्यवाहक प्रमुख आयुक्तको जिम्मेवारी सम्हाल्नुभएको छ। माननीय कार्यवाहक प्रमुख आयुक्त नवीनकुमार घिमिरे संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको सर्त र सुविधासम्बन्धी ऐन, २०५३ को दफा २० को कानुनी व्यवस्था बमोजिम कार्यवाहक प्रमुख आयुक्तको जिम्मेवारीमा रहनुभएको छ।

यस अघि अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय प्रमुख आयुक्त दीप बस्न्यातको उमेरहदका कारण मिति २०७४ फागुन १ गतेबाट अनिवार्य अवकाश भएकोले मिति २०७४ माघ २९ गते आयोगको सभाकक्षमा बिदाइ कार्यक्रम सम्पन्न गरिएको थियो। उहाँले २०७१ साल चैत १९ गतेदेखि आयुक्तको र २०७४ साल जेठ ८ गतेदेखि प्रमुख आयुक्तको जिम्मेवारी सम्हाल्नुभएको थियो। ❖





# कार्यवाहक प्रमुख आयुक्तद्वारा निर्देशन






अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय कार्यवाहक प्रमुख आयुक्त नवीनकुमार घिमिरेले मिति २०७४ फागुन २ गते आयोगमा कार्यरत सम्पूर्ण कर्मचारीहरूलाई निर्देशन दिनुभयो। निर्देशनका क्रममा माननीय कार्यवाहक प्रमुख आयुक्तले आम नागरिकको अपेक्षा अनुरूप आफूलाई सुम्पिएको जिम्मेवारी इमान्दारी र निष्ठाका साथ तोकिएकै समयमा सम्पादन गरी आयोगको काम कारबाहीबाट जनमानसमा सकारात्मक सन्देश प्रवाह गराउन सक्नुपर्ने कुरामा जोड दिनुभयो ।

आयोगको कार्यवाहक प्रमुख आयुक्तको जिम्मेवारी सम्हालेपछि माननीय कार्यवाहक प्रमुख आयुक्तले आयोगमा कार्यरत सबै तहका कर्मचारीहरूलाई निर्देशन दिने क्रममा आयोगलाई नीति र पद्धतिबाट अगाडि बढाउन आफूले सक्दो प्रयत्न गर्ने बताउनुभयो। अनुसन्धानको प्रक्रियालाई छिटो, छरितो र सहज ढंगबाट सम्पादन गर्ने दिशामा केन्द्रित हुन सबै तहका कर्मचारीहरूलाई उहाँले निर्देशन समेत दिनुभयो।

आयोगले अघि सारेका सुधारका विषयलाई आत्मसात गरेर काम गरेमा मात्र आयोगको गरिमा र मर्यादालाई कायम राख्न सकिने यथार्थलाई उल्लेख गर्दै माननीय कार्यवाहक प्रमुख आयुक्तले यसरी कार्य सम्पादन गरेमा सर्वसाधारणमा पनि सकारात्मक सन्देश प्रवाह हुने विश्वास व्यक्त गर्नुभयो।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय आयुक्त डा. गणेशराज जोशी र माननीय आयुक्त डा. सावित्री थापा गुरुङको उपस्थितिका साथै आयोगका सबै महाशाखा प्रमुखहरू र आयोगमा कार्यरत सम्पूर्ण कर्मचारीहरूको सहभागिता रहेको उक्त कार्यक्रममा आयोगका सचिव डा. राजन खनालले आयोगको काम कारबाहीलाई प्रभावकारी बनाउन सबैले आ–आफ्नो जिम्मेवारी इमान्दारीका साथ पालना गर्नुपर्ने आवश्यकता औंल्याउँदै सो कार्यका लागि सम्पूर्ण कर्मचारीहरूको तर्फबाट प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो। ❖

## सञ्चारसम्बद्ध निकायका पदाधिकारीसँग भेटवार्ता



अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय प्रमुख आयुक्त दीप बस्न्यातको अध्यक्षतामा मिति २०७४ माघ १० गते बुधबारका दिन माननीय प्रमुख आयुक्तको सभाकक्षमा सूचना विभाग, प्रेस काउन्सिल नेपाल, नेपाल पत्रकार महासंघ तथा सूचना विभागका पदाधिकारीहरूबीच भेटवार्ता सम्पन्न भएको थियो ।

उक्त भेटवार्तामा अवसरमा आयोग र सञ्चार क्षेत्रबीच मुलुकमा भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनका लागि आपसी सहयोग प्रवर्द्धनका विषयमा छलफल भएको थियो । ❖

## निर्णय कार्यान्वयनको अवस्थाबारे छलफल

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सचिव डा. राजन खनालको अध्यक्षतामा मिति २०७४ पुस १९ गते आयोगका महाशाखा प्रमुखहरू एवं विभिन्न मन्त्रालयहरूका सम्पर्क व्यक्तिहरू (Focal Persons) को उपस्थितिमा सम्बद्ध निकायसँग सम्बन्धित आयोगको निर्णय कार्यान्वयनको अवस्थाबारे एक छलफल कार्यक्रमको आयोजना गरिएको थियो ।

आयोगको सभाकक्षमा आयोजित कार्यक्रममा सचिव डा. राजन खनालले भ्रष्टाचार नियन्त्रणको संवैधानिक दायित्व निर्वाह गर्ने क्रममा आयोगबाट भइसकेका निर्णयहरूको कार्यान्वयनका लागि विभिन्न मन्त्रालय/निकायहरूको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै निर्णय कार्यान्वयनमा प्रभावकारिता ल्याउन आवश्यक भएको तथ्यप्रति सम्पर्क व्यक्तिहरूको ध्यानआकृष्ट गराउनुभएको थियो । विभिन्न निकायहरूबाट आयोगको निर्णय कार्यान्वयन गर्ने सिलसिलामा समस्याहरू आउनसक्ने भए पनि आयोगमा परेका उजुरीहरूको अनुसन्धानबाट सार्वजनिक सेवाप्रवाहमा सुधारको आवश्यकता रहेको समेत देखिएको हुँदा सुधारको प्रारम्भ सम्बन्धित निकायबाटै हुनुपर्ने कुरा उहाँले औंल्याउनुभयो ।

निर्देशनका क्रममा सचिव डा. राजन खनालले आयोगको निर्णय कार्यान्वयनका सिलसिलामा आवश्यक सहजीकरण गर्नका लागि आयोग सदा तत्पर रहेको बताउँदै कतिपय निर्णयहरूको कार्यान्वयनका लागि आयोगबाट पत्राचार गरिएका निकायबाट अन्य निकायसँग समन्वय र सहकार्य हुन समेत जरुरी देखिएको हुँदा यस दिशातर्फ समेत पहलकदमी लिनुपर्नेमा जोड दिनुभयो । सहजै कार्यान्वयन हुनसक्ने निर्णयहरूको कार्यान्वयनमा समेत अनपेक्षित विलम्ब भएको हुनसक्ने त्यसलाई हुँदा सुधार गरी आशातित परिणामका लागि सम्पर्क व्यक्तिहरूलाई आग्रह गर्नुभयो । आयोगको निर्णय कार्यान्वयन नगरी जिम्मेवारी पन्छाउने पदाधिकारी उपर कानूनबमोजिम कारबाही हुने भएकोले कार्यशैलीमा सुधार गर्नुपर्ने विचार उहाँले व्यक्त गर्नुभयो । सोही कार्यक्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तामेली तथा अनुगमन महाशाखा प्रमुखले विभिन्न मन्त्रालय सम्बद्ध निर्णय कार्यान्वयनको अवस्थाबारे प्रस्तुतीकरण गर्नुभएको थियो भने छलफल कार्यक्रममा सरिक हुनुभएका विभिन्न मन्त्रालयका सम्पर्क व्यक्तिहरूबाट आयोगको निर्णय कार्यान्वयनमा आइपरेका समस्याहरू अवगत गराउनुका साथै समस्या समाधानका लागि आयोगबाट हुनसक्ने सहजीकरण र समन्वयका विषयहरूबारे आफ्ना भनाइहरू समेत राख्नुभएको थियो । ❖

# बुटवलमा आयोगको नवनिर्मित भवन उद्घाटन




अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलमा आयोगको नवनिर्मित भवन मिति २०७४ माघ १८ गते माननीय प्रमुख आयुक्त दीप बस्न्यातबाट उद्घाटन भएको छ।

विभिन्न निकायका प्रमुख सहित करिब २०० जनाको उपस्थितिमा सम्पन्न कार्यक्रममा माननीय प्रमुख आयुक्तले उपस्थित कार्यालय प्रमुखहरूलाई आवश्यक निर्देशन प्रदान गर्दै भ्रष्टाचारमुक्त समाज निर्माण गरी सुशासन प्रवर्द्धन गर्नका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट आवश्यक कार्य भइरहेको र भ्रष्टाचार नियन्त्रणमा सबैले सहयोग गर्नुपर्ने विषयमा जोड दिनुभयो । संघीय संरचनाअनुसार स्थानीय तहमा साधन स्रोतको बाँडफाँड भएको सन्दर्भमा भ्रष्टाचार नियन्त्रणलाई प्रभावकारी बनाउने उद्देश्यले विभिन्न ठाउँमा रहेका आयोगका कार्यालयहरूलाई आधुनिकीकरण गर्दै भौतिक स्रोतसाधनयुक्त बनाउने नीति आयोगले लिएको कुरा व्यक्त गर्दै माननीय प्रमुख आयुक्तले कुनै पनि निकायको कार्यसम्पादनका लागि मानवीय संसाधन र वित्तीय स्रोत जत्तिकै भौतिक पूर्वाधारको पनि भूमिका रहने र अनुसन्धान कार्यका लागि भवन, आधुनिक उपकरण र प्रविधिको आवश्यकता पर्ने भएकोले आयोगले भौतिक स्रोतसाधनको व्यवस्थापनलाई महत्व दिंदै आएको विचार व्यक्त गर्नुभयो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलका कार्यालय प्रमुख प्रहरी उपरीक्षक विमल बस्नेतले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा आयोगको कार्यालय, पोखराका कार्यालय प्रमुख सहसचिव यदुप्रसाद पन्थीले आर्थिक विवरण सहितको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। ❖

# बर्दिबासमा आयोगको भवन शिलान्यास



अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबासको प्रशासकीय भवनको मिति २०७४ साल पुस ९ गते माननीय प्रमुख आयुक्त दीप बस्न्यातबाट शिलान्यास गरियो। उक्त कार्यक्रममा आयोगका सचिव डा. राजन खनालको समेत उपस्थिति रहेको थियो ।

शिलान्यास कार्यक्रमलाई सम्बोधन गर्दै माननीय प्रमुख आयुक्तले भ्रष्टाचारजन्य कार्यको पहिचान, निगरानी एवं नियन्त्रण कार्यमा स्थानीयस्तरको सहभागिता समेत जुटाई सुशासन प्रवर्द्धन गर्ने आयोगको रणनीति अनुरूप आयोगका काम कारबाहीहरूमा प्रदेश नं. २ का नागरिकहरूको पहुँच सहज र सुगम बनाउने उद्देश्यले कार्यालय भवनको शिलान्यास गरिएको बताउनुभएको थियो । महोत्तरी जिल्लाका विभिन्न कार्यालयहरूबाट पाल्नुभएका कार्यालय प्रमुख र प्रतिनिधिहरूलाई भ्रष्टाचाररहित नेपालको परिकल्पनालाई साकार पार्नका लागि आयोगको प्रयासमा साथ र सहकार्यका लागि अनुरोध गर्नुभयो। उहाँले नेपाली नागरिकले आयोग समक्ष ठूलो आशा र भरोसा राखेको यथार्थ स्मरण गराउँदै जनअपेक्षा अनुरूप भ्रष्टाचार नियन्त्रण गरी कानूनी राज्य र सुशासनमा सहयोग पुऱ्याउने आयोगको परिलक्ष्य अनुरूप आयोग मातहत कार्यरत सबै कर्मचारीहरूले स्वतन्त्र, निष्पक्ष, वस्तुनिष्ठ र निर्भीकरूपले कार्य गर्नु अपरिहार्य रहेको बताउनुभएको थियो।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबासका कार्यालय प्रमुख प्रहरी उपरीक्षक सुशील सिंह राठौरले संचालन गर्नुभएको कार्यक्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाका कार्यालय प्रमुख सहसचिव श्यामराज अधिकारीले भवन निर्माण हुन गईरहेको भवन सम्बन्धी जानकारी प्रस्तुत गर्नुभएको थियो। ❖

# हेटौंडामा आयोगको नवनिर्मित भवन उद्घाटन

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय प्रमुख आयुक्त दीप बस्न्यातले मिति २०७४ माघ १७ गते हेटौंडामा नवनिर्मित आयोगको कार्यालय भवन उद्घाटन गर्नुभयो। नवनिर्मित भवनको उद्घाटन गर्दै माननीय प्रमुख आयुक्तले देश संघीय संरचनामा प्रवेश गरिसकेकाले सार्वजनिक सेवा प्रवाहमा चुस्तता र थप प्रभावकारिता ल्याउनुपर्ने धारणा व्यक्त गर्नुभयो। अख्तियारप्रति जनताको ठूलो भरोसा रहेकोले त्यस अनुरूप राष्ट्रसेवकहरूले आफ्नो आचरणलाई मर्यादित बनाउँदै कार्य सम्पादन गर्नुपर्ने, राष्ट्रसेवकहरूले जनताको भरोसाको रूपमा रहनुपर्ने निर्देशन दिनुका साथै भ्रष्टाचार नियन्त्रण गर्नका लागि आयोगले शून्य सहनशीलताको नीति अवलम्बन गरिरहेको विचार व्यक्त गर्नुभयो।

शुभकामना मन्तव्य व्यक्त गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सचिव डा. राजन खनालले कार्यालयको कार्य सम्पादनमा मानव संसाधन, वित्तीय स्रोत जस्तै भौतिक संरचनाले निक्कै सहयोग पुऱ्याउने हुनाले नवनिर्मित भवनले पनि कार्यालयको कार्य सम्पादनको गुणस्तरीयतामा वृद्धि गर्न सघाउ पुऱ्याउने धारणा व्यक्त गर्नुभयो भने अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडाका कार्यालय प्रमुख (सहसचिव) श्यामराज अधिकारीले नवनिर्मित भवनको निर्माण प्रतिवेदन पेस गर्नु भएको थियो। ❖

# भूमि/जग्गा प्रशासनसम्बन्धी अनुसन्धान तालिम सम्पन्न



अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टंगालस्थित कार्यालय र मातहत कार्यालयहरूमा कार्यरत विभिन्न सेवा समूहका अधिकृतस्तरका कर्मचारीहरूका लागि सञ्चालित भूमि/जग्गा प्रशासनसम्बन्धी अनुसन्धान तालिम मिति २०७४ पुस १८ देखि २१ गतेसम्म केन्द्रीय कार्यालय टंगालमा सम्पन्न भएको छ।

अनुसन्धानको सिलसिलामा जटिल प्रकृतिका उजुरीमध्ये भूमिसँग सम्बन्धित विषयमा जानकारी प्रदान गर्नु, भूमिसम्बद्ध उजुरीको फछ्र्यौटमा तीव्रता ल्याउनुका साथै भूमि प्रशासनमा हुने अनियमितता र भ्रष्टाचारको अनुसन्धान निष्पक्ष ढंगले सम्पादन गर्ने ध्येयका साथ सञ्चालित तालिम कार्यक्रममा ३५ जना अधिकृतहरूको सहभागिता रहेको थियो।

माननीय आयुक्तहरूको उपस्थितिमा सम्पन्न समापन समारोहमा माननीय प्रमुख आयुक्त दीप बस्न्यातले सहभागीहरूलाई तालिममा सिकेका कुराहरू व्यवहारमा प्रयोग गरी आयोगको छवि र गरिमालाई उच्च राख्ने कार्यमा योगदान गर्न मार्ग निर्देशन गर्नुभएको थियो।

तालिम कार्यक्रममा सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्दै आयोगका सचिव डा. राजन खनालले भूमि प्रशासन अर्ध - प्राविधिक, कानूनी र व्यावहारिक प्रकृतिको जटिल विषय भएको हुनाले भूमिसम्बद्ध उजुरीको अनुसन्धान गर्दा गम्भीर भएर गर्नुपर्ने यथार्थ औंल्याउँदै सहभागीहरूलाई नीतिगत मार्गदर्शनसमेत प्रदान गर्नुभएको थियो। ❖

२०७४ साल असोज ३ गतेबाट "भ्रष्टाचार विरुद्ध अभियान" शीर्षकमा रेडियो नेपालबाट कार्यक्रम सञ्चालन गरिएको जानकारी गराउँदै मंगलबार विहान ७:०० बजेको समाचारपछि पाक्षिक रुपमा प्रशारण हुने उक्त रेडियो कार्यक्रम सुन्न र आवश्यक सल्लाह र सुझाव दिन हुन अनुरोध गर्दछौं।

**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**

टंगाल, काठमाडौं

# वैदेशिक तालिममा सहभागिता




CIAA Officials Participating in Governance & Anti-corruption Training.

आयोगमा कार्यरत जनशक्तिलाई प्रशिक्षण र तालिमका माध्यमबाट दक्षता र कार्य सम्पादनमा अभिवृद्धि गराउनका लागि देहायबमोजिमका मित्र राष्ट्रमा संचालित तालिम तथा प्रशिक्षण कार्यक्रमहरूमा आयोगमा कार्यरत कर्मचारीहरुलाई सहभागी गराइएको छ। उक्त तालिम कार्यक्रमहरूबाट तालिममा सहभागी कर्मचारीहरूको अनुसन्धान लगायतका कार्य सक्षमतामा अभिवृद्धि भई कार्यसम्पादनमा प्रभावकारिता आउने अपेक्षा गरिएको छ ।

| सि.नं. | तालिम कार्यक्रम | स्थान |
|---|---|---|
| १ | Governance & Anti-corruption Training For CIAA Officials | बैंकक, थाइल्याण्ड |
| २ | Executive Course on Governance & Anti-corruption | मनिला, फिलिपिन्स |




Participating in Executive Course on Governance & Anti-corruption.

# भ्रष्टाचार विरूद्ध शून्य सहनशीलताको विकास गरौं ।

# घुस लिने र दिने दुवै उत्तिकै दोषी हुन् ।

एउटै उद्देश्य – एउटै नारा
भ्रष्टाचारबाट छुटकारा
हामी सबैको अभिभारा

One Dream - One Theme
Corruption Free Society
Our Common Responsibility

## अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं, नेपाल, पो.ब.नं. ९९९६
फोनः ५२६२११९, ५२६२१०२, ५२६२१५१ (एक्सचेन्ज)
टोल फ्रि नं. १६६०-०१-२२२३३
हट लाइन नं. १०७
फ्याक्स : ५२६२१२८, ५२६२१०४
ई-मेलः akhtiyar@ntc.net.np, वेबसाइटः www.ciaa.gov.np

